नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)
बारा, कलैया
Email:daobara33700@gmail.com
फोन नं.:०५३-५५०१३३
:०५३-५५०१६
:०५३-५५०४३
फ्याक्स नं.:०५३-५५००००

पत्र संख्या:-०८०/८१
चलानी नं.-

## नेपली नागरिकता नियमावली (तेस्रो संशोधन), २०८० बमोजिम नेपाली नागरिकता प्रमाणपत्र सम्बन्धमा जारी सूचना

(मिति :- २०८०।०६।२१)

नेपाल सरकारको मिति २०८०।०२।१७ गतेको नेपाल राजपत्रमा प्रकाशित नेपाल नागरिकता (पहिलो संशोधन) ऐन, २०७९ र नेपाल नागरिकता नियमावली (तेस्रो संशोधन), २०८० लाई कार्यान्वयन गर्ने सम्बन्धमा नेपालको नागरिक आमाबाट नेपालमा जन्म भई नेपालमा नै बसोबास गरेको र बाबुको पहिचान हुन नसकेको व्यक्तिको हकमा बंशजको आधारमा नेपाली नागरिकताको प्रमाणपत्रका लागि तपशिल बमोजिमका कागजात संलग्न गरी आवेदन पेश गर्नुहुन सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

तपसिल :-

१ वडा अध्यक्षको सिफारिस सहितको अनुसूची:-१ फाराम ।

२ Online जन्मदर्ताको सक्कल प्रमाणपत्र र सो को फोटोकपि ।

३ शैक्षिक योग्यता प्रमाणपत्र (विदेशी मुलुकबाट अध्ययन गरेको भए नेपाल सरकारबाट मान्यता प्राप्त निकायबाट व्यक्तिको नाममा गरि दिएको समकक्षता निर्धारण) ।

४ आमा वा आफ्नो वंश तर्फको ३(तीन) पुस्ता भित्रको नातेदारको नेपाली नागरिकता प्रमाणपत्र ।

५ आमाको नेपाली नागरिकताको प्रमाणपत्र र मृत्यु भएको भए मृत्यु दर्ता प्रमाणपत्र ।

६ आमाको होस ठेगाना नभएको अवस्थामा चिकित्सकले होस ठेगानमा नभएको भनी गरेको सिफारिस पत्र ।

७ निवेदकको जन्म नेपालमा भई नेपाल मै बसोबास गर्दै आएको र निजको बाबुको पहिचान हुन नसकेको व्यहोरा खुलाई सम्बन्धित वडाको किटानी सहित सिफारिस ।

८ जन्म स्थान र नाता खुल्ने गरी वडा कार्यालयले गरिदिएको फोटो सहितको नाता प्रमाणित ।

९ सम्बन्धित वडा कार्यालयबाट प्रमाणित पारिवारीक विवरण ।

प्रमुख जिल्ला अधिकारी

नेपाल सरकार
गृह मन्त्रालय
Email:daobara33700@gmail.cor
फोन नं.:०५३-५५०१३३
:०५३-५५०१६
:०५३-५५०४३
फ्याक्स नं.:०५३-५५००००

# जिल्ला प्रशासन कार्यालय

(स्थानीय प्रशासन तथा शान्ति सुरक्षा शाखा)

बारा, कलैया

पत्र संख्याः-०८०/८१
चलानी नं.-

१० उद्‌गम स्थान र गन्तव्य स्थानको Onlineबसाई सराई दर्ता प्रमाण पत्र (ठेगाना परिवर्तन गरी नागरिकता प्रमाणपत्र लिन चाहेमा) ।

११ जग्गा धनी प्रमाण-पूर्जा, भूमीहिनको हकमा राष्ट्रिय भूमि आयोगमा निवेदन दर्ताको निस्सा ।

१२ भूमीहिन परिचयपत्र, विद्युत/खानेपानीको विल तथा रसिद ।

१३ स्थायी लेखा नम्बर, व्यवसाय दर्ता प्रमाण पत्र ।

१४ अनुसूची-३ बमोजिम स्थलगत सर्जमिन मुचुल्का (सम्बन्धित वडा कार्यालयमा गर्ने) ।

१५ अनुसूची-४ बमोजिम सर्जमिन मुचुल्का (यस कार्यालयबाट गर्ने) ।

१६ निजको बाबुको पहिचान हुन नसकेको व्यहोराको निजको आमाले अनुसूची-४(क) र अनुसूची-४(ख) बमोजिमको स्वघोषणा ।

१७ ७ दिने सूचना सम्बन्धित वडा र यस कार्यालयबाट ।

१८ रितपूर्वक प्राप्त निवेदन उपर तोकिएको प्रहरीको स्थलगत सर्जमिन मुचुलका समेत ।

१९ आवश्यकता अनुसार प्र.जि.अ.ले थप बुझ्न आवश्यक ठानेका अन्य कागजातहरु र स्थानीय तह लगायतका संयन्त्रबाट थप जानकारी लिन सक्ने ।

२०८०/०६/२९

नवराज सापकोटा
प्रमुख जिल्ला अधिकारी

प्रमुख जिल्ला अधिकारी